क्व्होलासोंथार गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :०३ संख्या: ०४ मिति: २०७६/०६ /१४

**भाग-१**

क्व्होलासोंथार गाउँपालिका

## क्व्होलासोथार गाउँपालिकाको पुरक विनियोजन ऐन, २०७६

सभाबाट पारित मिति : २०७६।०६।१४

क्व्होलासोथार गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट पुरक रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: क्व्होलासोथार गाउँपालिकाको विनियोजन ऐन, २०७६ले चालू आर्थिक वर्षका लागि केही सेवा/शीर्षकमा विनियोजन गरेको रकम अपर्याप्त भएको साथै विनियोजन ऐन, २०७६मा उल्लेख भए बाहेकका केही सेवा/शीर्षकहरुमा स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने (विनियोजन ऐन, २०७६ मा संशोधन) सम्बन्धमा व्यवस्था वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम क्व्होलासोथार गाउँपालिका, लमजुङको गाँउसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "क्व्होलासोथार गाउँपालिकाको पुरक विनियोजन ऐन, २०७६" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७६\०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६\०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च तथा पूँजीगत खर्च गरी जम्मा रकम **रु. ७५४९५८८।०० (अक्षेरुपी रुपैँया पचहत्तर लाख उनन्पचास पाँच सय अठासी रुपैँया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम गत आर्थिक वर्षमा सम्पन्न भएका तर प्राप्त हुनुपर्ने राजस्व बाँडफाँड तथा जिविस कोषको रकम प्राप्त नहँदा भुक्तानी हुन बाँकि रहेका अनुसूची (१) मा उल्लेख भए बमोजिमका योजना तथा कार्यक्रमहरुमा भुक्तानी गरिनेछ ।

(२) उपदफा (१) मा लेखिए बमोजिम बजेट विनियोजन गर्न तथा नयाँ सेवा/शीर्षकमा बजेट व्यवस्थापन गर्नको लागि अनुसूची (२) मा उल्लेख भएबमोजिम विनियोजन ऐन, २०७६ मा संशोधन गरिनेछ ।

अनुसूची १

ऐनको दफा २(१) सँग सम्बन्धित

| गत आर्थिक वर्ष २०७५।०७६ मा सम्पन्न भएका तर भुक्तानी बाँकी योजना तथा कार्यक्रम विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **योजना/कार्यक्रमको नाम** | **रकम रु.** | **कै** |
| १ | स्वर्गभूमी रंगशाला खेलकुद मैदान -३ | २०००००० | |
| २ | बेशीसहर भुजुङ् मो बा मर्मत (घलेगाउँ दलित बस्ती ग्याबीन तारजाली फिलिङ)-३ | ४६९२०० | |
| ३ | सूलिकोट भ्यू टावर गोरेटो बाटो निर्माण-१ | ५००००० | |
| ४ | श्री त्रिभुवन विद्याश्रम मा वि चमेना गृह निर्माण-४ | ४००००० | |
| ५ | मपिङ्ग कृषि सडक निर्माण-८ | १५०००० | |
| ६ | सीङ्गदी मोटर बाटो मर्मत-५ | २३७००० | |
| ७ | शैक्षिक तालिम केन्द्र भवन निर्माण घाम्राङ-८ | ३००००० | |
| ८ | भोजे चोक देखी चरागाउँ सम्म ग्याबीन तारजाली भरेको -७ | २००००० | |
| ९ | ल्हाँगेको आमा समूह भवन निर्माण -९ | १००००० | |
| १० | थल्जुङ्ग आमा समूह भवन निर्माण -९ | १००००० | |
| ११ | भोजे सडक मर्मत-७ | १००००० | |
| १२ | लौबारी कुलो मर्मत-९ | १००००० | |
| १३ | गोरेटो बाटो मर्मत सुधार तार जाली भरेको, बगुम-३ | १००००० | |
| १४ | साल्मे कुम्लुङ मोटर बाटो मर्मत-७, ९ | ३००००० | |
| १५ | खानेपानी पाइप खरिद -2 | १००००० | |
| १६ | म्रोचे मौरि पालन अनुदान कृषक श्री रुपेन्द्र गुरुङ-2 | ५०००० | |
| १७ | प्लाष्टिक टनेल अनुदान -3 | ४०८०० | |
| १८ | पसगाउँ भुजुङ मोटर बाटो-४, 6 | १०००००० | |
| १९ | मालिङ स्वा चौ भवन-२ | ६५२७६८ | |
| २० | ब्याडमिन्टन प्रतियोगिता | ३०००० | |
| २१ | श्री जनज्योती मा वि विज्ञान विषयक शिक्षक अनुदान -१ | २५००० | |
| २२ | श्री घले उत्तरकन्या मा वि सञ्चालन अनुदान -3 | १३५००० | |
| २३ | श्री घाम्राङ सामुदायिक स्वा इ अपुग त भ -8 | ३१५०० | |
| २४ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता -१,3,९ | ३३६००० | |
| २५ | श्री सुरेन्द्र प्रा वि दिवा खाजा कार्यक्रम -१ | २०००० | |
| २६ | शैक्षिक क्यालेण्डर छपाइ कार्यक्रम | ७२३२० | |
| | जम्मा | ७५४९५८८ | |

अनुसूची २

ऐनको दफा २(२) सँग सम्बन्धित

विनियोजन ऐन २०७६ मा शीर्षकगत संशोधन

| क.सं. | विनियोजन ऐन २०७६ मा भएको शीर्षकगत व्यवस्था र रकम | थप हुने सेवा/शीर्षक र रकम | संशोधन पश्चात सो शीर्षकमा रहने बाँकी रहने रकम |
|---|---|---|---|
| १ | समपुरक कोष रु.११००००००।- | गत आर्थिक वर्ष सम्पन्न भइ भुक्तानी बाँकी रहेका योजना तथा कार्यक्रमहरुलाई भुक्तानी दिने रु.५७३२५८८।- | रु.२७६७४१२।- |
| | | साना पूर्वाधार, भैपरी पूँजीगत तर्फ रु.२५०००००।- | |
| २ | गत आ व को मौज्दात रकम रु.४४०७८१७।- | गत आर्थिक वर्ष सम्पन्न भइ भुक्तानी बाँकी रहेका योजना तथा कार्यक्रमहरुलाई भुक्तानी दिने रु.१८१७०००।- | रु.21४०८१७।- |
| | | गाउँ कार्यपालिका वा अन्तरगत रहने कर्मचारी करार सेवा शुल्क रु.४५००००।- | |
| ३ | प्रवर्द्धनात्मक कार्यक्रम | साना पूर्वाधार, भैपरी पूँजीगत तर्फ रु.१००००००।- | रु.०।00 |
| 4 | बालमैत्री गाउँपालिका निर्माणका लागि | आकस्मिक बालकोष स्थापना रु.१५००००।- | रु.३५००००।- |

आज्ञाले,

पिताम्बर सारु

प्रमुख प्रशासकीय अधिकृत